greenlife
Hydropower Ltd.

दर्ता न. १७०१८९/०६६/०६७
मिति: २०८२/०७/२०

श्री नेपाल धितोपत्र वोर्ड,
खुमल्टार, ललितपुर ।

**बिषय:- बार्षिक साधारण सभा सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस लिमिटेडको मिति २०८२/०७/१८ गते बस्ने भनिएको कम्पनिको आ.व. ०७८/७९, ०७९/८० र ०८०/८१ को क्रमश १३ औं, १४ औं र १५ औं सम्यूक्त साधारण सभा मिति २०८२/०७/१८ गते तदअनुसार ४ नोभेम्वर २०२५ मंगलवार, बिहान ११:०० बजे बसेकोमा गणपूरक संख्या नपुगी उक्त साधारण सभा स्थगित भएकाले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र (३) बमोजिम मिति २०८२/०७/२० को संचालक समितिको बैठकको निर्णय बमोजिम कुनै नयाँ प्रस्ताव समावेस नगर्ने गरी पून: देहायको मिति, स्थान तथा समयमा बस्ने निर्णय भएको जानकारी गराउँदछौ । साथै उक्त साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन् ।

**सभा हुने मिति, स्थान तथा समय :**

मिति: २०८२/०७/२८ गते ( (तदअनुसार नोभेम्वर १४, २०२५)

स्थान: लिसारा रिसेप्सन्स प्रा. लि. (Lisara Receptions Pvt. Ltd.), भगवती बहाल, नक्साल काठमाण्डौ

समय: बिहान ११:०० बजे

**क) सामान्य प्रस्तावहरु**

१. कम्पनीको संचालक समितिको तर्फवाट अध्यक्षले प्रस्तुत गर्ने आ.व. ०७८/०७९, ०७९/०८० र ०८०/०८१ क्रमश तेह्रौं, चौधौं र पन्ध्रौं संयुक्त बार्षिक प्रतिवेदन माथी छलफल गरि पारित गर्ने ।

२. आ.व. ०७९/८० को लेखा परिक्षण गर्नका लागी मिति २०८०/०९/१७ को संचालक समितिले सिफारिस गरी श्री कम्पनी रजिष्टारको कार्यालयले मिति २०८०/१०/०८ मा एस. सुवेदी एण्ड एसोसिएट्सलाई गरेको नियूक्त र आ. व. ०८०/८१ को लागी मिति २०८१/०९/२३ को निर्णयले सिफारिस गरी श्री कम्पनी रजिष्टारको कार्यालयले मिति २०८१/०९/२८ मा लेखापरिक्षक श्री एन. दि. एण्ड एसोसिएट्सलाई गरेको नियूक्ती तथा पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।

३. आ. व. ०७८/०७९, ०७९/०८० र ०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब तथा सम्वन्धित अनुसुचीमा छलफल गरी पारीत गर्ने सम्वन्धमा ।

४. आर्थिक बर्ष ०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती एबं निजको पारीश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

५. संचालक नियुक्ती अनुमोदन तथा सर्वसाधरण समुहबाट बाँकी अवधि प्रतिनिधित्व गर्ने संचालक चयन गर्ने सम्वन्धमा ।

greenlife
Hydro Power Ltd.

greenlife
Hydropower Ltd.

**ख) विशेष प्रस्तावहरु**

१. अधिकृत तथा जारी पूजिँ बृद्धि सहित प्रवन्धपत्रको दफा ६ को उपदफा (क) (ख) (ग) (घ) र (ङ) संशोधन गर्ने सम्वन्धमा विशेष प्रस्ताव ।

२. कम्पनीको स्विकृत नियमावलीको नियम २७ (१) (२) (क) (ख) (ग) र ३६ (५) संशोधन गर्ने विशेष प्रस्ताव ।

३. हाल कायम रहेको जारी तथा चुक्ता पूँजीबाट १ बरावर १ हकप्रद शेयर जारी गर्ने सम्वन्धमा विशेष प्रस्ताव ।

४. कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा (१) (ख) का सम्वन्धमा विशेष प्रस्ताव ।

५. उल्लेखित साधारण तथा विशेष प्रस्तावका सम्वन्धमा कम्पनी रजिष्टार कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., विद्युत बिकाश विभाग, सिडिएस एण्ड क्लियरिङ्ग लि. बिद्युत नियमन आयोग लगायत नियमनकारी निकायबाट फेरवदल गर्न निर्देशन आएका बखत सो सम्वन्धि आवस्यक निर्णय गर्ने, संशोधन गर्ने अख्तियारी संचालक समितिलाई दिने विशेष प्रस्ताव ।

**ग) बिबिध**

साथै उक्त बार्षिक साधारणसभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिाका तथा शेयर दाखिला खारेजीको कार्य मिति २०८२ साल कार्तिक १२ गते १ दिनको लागी बन्द गरेकोमा शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति २०८२ साल कार्तिक ११ गते नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भै सात (७) कार्यदिन भित्र दाखिल खारेजको लागी प्राप्त शेयरहरुवाट कायम रहेको शेयरधनीहरु बार्षिक साधारणसभामा भाग लिनको लागी योग्य रहने छन् ।

**भवदिय**

greenlife
Hydro Power Ltd.

भिष्म निरौला
( कम्पनी सचिव )
ग्रिनलाईफ हाइड्रोपावर लि.

**बोदार्थ:**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार, काठमाण्डौ

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ

श्री बिद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौ